# भाग ५

## नेपाल सरकार

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको

## सूचना

नेपाल सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ को उपदफा (१) बमोजिम वस्तु पैठारीमा बन्देज लगाई खण्ड ६९, सङ्ख्या ५२, मिति २०७६।१२।२४ को नेपाल राजपत्र भाग ५ मा सूचना प्रकाशन गरेको र सोही दफाको उपदफा (२) बमोजिम आर्थिक वर्ष २०८१/८२ मा सुपारी, केराउ र मरिचको पैठारी गर्न अनुमति दिने सम्बन्धमा निर्णय भई खण्ड ७४, सङ्ख्या २८, मिति २०८१।६।७ को नेपाल राजपत्रमा सूचना प्रकाशन भएकोमा मिति २०८१।६।७ को सूचनाको सट्टा नेपाल सरकार (मन्त्रीस्तर) बाट सुपारी, केराउ र मरिचको पैठारी गर्न अनुमति दिने सम्बन्धमा देहाय बमोजिम निर्णय भएकोले यो सूचना प्रकाशन गरिएको छः-

(क) उत्पादनमूलक उद्योगलाई औद्योगिक प्रयोजनकोलागि मात्र कच्चा पदार्थको रुपमा केराउ (एच.एस.कोड ०७१३.१०.००), सुपारी (एच.एस.कोड ०८०२.८०.००) र मरिच (सेतो मरिच एच.एस.कोड ०९०४.११.२० र कालो मरिच एच.एस.कोड ०९०४.११.३०) लाई आर्थिक वर्ष २०८१/८२ को लागि पैठारी गर्न अनुमति दिने।

(ख) खण्ड (क) बमोजिम अनुमति दिँदा उद्योग विभागबाट देहायका विषयमा आवश्यक जाँचबुझ गरी सम्बन्धित उद्योगको लागि आवश्यक पर्ने कच्चा पदार्थको परिमाण यकिन गरी तोकिएका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मालवस्तु पैठारीको लागि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा सिफारिस गर्नेः-

(१) **<u>नयाँ स्थापना भएका उद्योगको हकमाः</u>** उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपी, VAT /PAN दर्ताको प्रमाणपत्रको प्रतिलिपी, उद्योगको उत्पादन क्षमता, उद्योगको वार्षिक स्वीकृत स्कीमको प्रतिलिपि, चालु आर्थिक वर्षमा सञ्चालन हुने र उत्पादन लक्ष्यको स्वघोषणा लगायतका विवरण।

(२) **<u>विगत देखि सञ्चालनमा रहेका उद्योगको हकमाः</u>** उद्योग दर्ता प्रमाण पत्र र कम्पनी अद्यावधिक भएको पत्रको प्रतिलिपी, VAT/PAN दर्ताको प्रमाणपत्रको प्रतिलिपी, पछिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपी, उद्योगको उत्पादन क्षमता, सञ्चालन अवस्था, चालु आर्थिक वर्षमा सञ्चालन हुने र उत्पादन लक्ष्यको स्वघोषणा, उद्योगको वार्षिक स्वीकृत स्कीमको प्रतिलिपि, अघिल्लो आर्थिक वर्षमा कच्चा पदार्थ पैठारी गरेको भए पैठारीको परिमाण, त्यसको उपयोगबाट भएको उत्पादन र बचत परिमाण लगायतका विवरण।

**आज्ञाले,**
**गोविन्द बहादुर कार्की**
**नेपाल सरकारको सचिव।**

मुद्रण विभाग



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू.५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।